# रोङ गाउँपालिका

## इलाम, कोशी प्रदेश, नेपाल

## गाउँ कार्यपालिकाको बैठक

**आ. व.:** २०८१/०८२
**बैठक संख्या :** १६-२०८१/०८२

**मिति :** २०८२/०२/२१
**समय :** बिहान ११:०० बजेदेखि

---

आज मिति २०८२ जेठ २१ गते बुधबारका दिन रोङ गाउँपालिकाका अध्यक्ष श्री मनि कुमार स्याङ्बो ज्यूको अध्यक्षता तथा देहायको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसी निम्नानुसारको निर्णय गरियो :

**उपस्थिति :**

| क्र. सं. | नाम, थर | पद | सम्पर्क नं. | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | श्री मनि कुमार स्याङ्बो | अध्यक्ष | ९८५२६७८७३२ | |
| २ | श्री विष्णुमाया खवास | उपाध्यक्ष | ९८४४६३१५१७ | |
| ३ | श्री मनोहरि खड्का | १ नं. वडा अध्यक्ष | ९८५२६४०५७० | |
| ४ | श्री चन्द्र शेखर घिमिरे | २ नं. वडा अध्यक्ष | ९८१६९५३४९३ | |
| ५ | श्री मातृका बसल | ३ नं. वडा अध्यक्ष | ९८४२६२४११४ | |
| ६ | श्री राज कुमार लाप्चा | ४ नं. वडा अध्यक्ष | ९८१४०४०२९४ | |
| ७ | श्री दल बहादुर पुलामी | ५ नं. वडा अध्यक्ष | ९८४१७००३४० | |
| ८ | श्री सत्यम राई चौरासे | ६ नं. वडा अध्यक्ष | ९८६४९१२३२ | |
| ९ | श्री नानू तामाङ | कार्यपालिका सदस्य | ९८१४९१२२३१ | |
| १० | श्री मिनादेवी तामाङ | कार्यपालिका सदस्य | ९८२४९६७९६२ | |
| ११ | श्री लक्ष्मी नेपाली | कार्यपालिका सदस्य | ९८१४०८७४७१ | |
| १२ | श्री इन्दिरा देवी विश्वकर्मा | कार्यपालिका सदस्य | ९८०४९२९०९९ | |
| १३ | श्री युवराज खामुवा राई | कार्यपालिका सदस्य | ९८४२६६८३१४ | |
| १४ | श्री दया कुमारी दियाली | कार्यपालिका सदस्य | ९८१६०३२६०७ | |
| १५ | श्री विनोद कुमार चौहान | सचिव | ९८५२६४२०२० | |
| १६ | श्री नारायण अर्याल | आमन्त्रित | ९८५२६४४६९९ | |
| | | | | |
| | | | | |
| | | | | |

# रोङ गाउँपालिका
## इलाम, कोशी प्रदेश, नेपाल

## गाउँ कार्यपालिकाको बैठक

आ. व.:२०८१/०८२ मिति :२०८२/०२/२१
बैठक संख्या : १६-२०८१/०८२ समय : बिहान ११:०० बजेदेखि

---

प्रस्ताव १ : अघिल्लो बैठकको निर्णय कार्यान्वयनको समीक्षा सम्बन्धमा।

निर्णय १ : कार्यपालिकाको मिति : २०८२/०२/१९ गतेको बैठकको निर्णय कार्यान्वयनको सम्बन्धमा समीक्षा गरियो।

प्रस्ताव २ : सेवा प्रवाहको समीक्षा सम्बन्धमा।

निर्णय २ : गाउँ कार्यपालिकाको कार्यालय, वडा कार्यालय, स्वास्थ्य संस्था तथा गाउँ कार्यपालिका मातहतका अन्य कार्यालयबाट भइरहेका सेवा प्रवाहको समीक्षा गरियो। कमी कमजोरीहरु हटाउँदै अघि बढ्ने निर्णय गरियो।

प्रस्ताव ३ : आर्थिक तथा प्रशासनिक कामकारबाहीहरुको अनुमोदन गर्ने सम्बन्धमा।

निर्णय ३ : रोङ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयबाट चालू आर्थिक वर्ष २०८१/०८२ मा हालसम्म भएका योजना तथा कार्यक्रमको भुक्तानीका साथै नियमित तथा आकस्मिक प्रकृतिका सम्पूर्ण आर्थिक कारोबार तथा प्रशासनिक कामकारबाहीहरुलाई अनुमोदन गर्ने।

प्रस्ताव ४ : स्थानीय राजस्व परामर्श समितिको बैठकको निर्णय अनुमोदन गर्ने सम्बन्धमा।

निर्णय ४ : रोङ गाउँपालिकाको स्थानीय राजस्व परामर्श समितिको मिति : २०८२/०१/०४ गतेको बैठकको देहाय बमोजिमको निर्णय अनुमोदन गर्ने :

- ✓ आगामी आर्थिक वर्ष २०८२/०८३ मा राजस्वको क्षेत्र पहिचान गर्ने सम्बन्धी निर्णय,
- ✓ आगामी आर्थिक वर्ष २०८२/०८३ मा राजस्वको दर निर्धारण सम्बन्धी निर्णय,
- ✓ आगामी आर्थिक वर्ष २०८२/०८३ मा राजस्व संकलनको अनुमान सम्बन्धी निर्णय।

प्रस्ताव ५ : स्थानीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको बैठकको निर्णय अनुमोदन गर्ने सम्बन्धमा।

निर्णय ५ : रोङ गाउँपालिकाको स्थानीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको मिति : २०८२/०२/१९ गतेको बैठकको देहाय बमोजिमको निर्णय अनुमोदन गर्ने :

**देहाय :**

(क) रोङ गाउँपालिकाको आगामी आर्थिक वर्ष २०८२/०८३ को स्रोत अनुमान :

| क्र. सं. | योजना तथा कार्यक्रमको नाम | २०८२/०८३ को रु. |
|---|---|---|
| १ | संघीय सरकार समानीकरण अनुदान | ९,०२,००००० |
| २ | संघीय सरकार राजस्व बाँडफाँड | ८,४७,६९,०७६ |
| ३ | प्रदेश सरकार समानीकरण अनुदान | ८०,५२,००० |
| ४ | प्रदेश सरकार राजस्व बाँडफाँड | ६०,९७,००० |
| ५ | अ. ल्या. | २,७५,००,००० |
| ६ | अनुमानित आन्तरिक आय | ६,०५,००,००० |
| | **जम्मा रु.** | **२७,७१,१८,०७६** |

(ख) रोङ गाउँपालिकाका विभिन्न वडाहरुलाई आगामी आर्थिक वर्ष २०८२/०८३ का लागि बजेट सीमा निर्धारण :

**वडागत बजेट सीमा**

| वडा नं. | रकम रु. |
|---|---|
| वडा नं. १ | ३०,२७,६२० |
| वडा नं. २ | २७,७५,१९९ |
| वडा नं. ३ | ३८,३९,०७७ |
| वडा नं. ४ | ३१,१८,७६६ |
| वडा नं. ५ | ३१,७६,५९३ |
| वडा नं. ६ | ४०,६२,७४५ |
| **जम्मा रु.** | २,००,००००० |

(ग) आगामी आर्थिक वर्ष २०८२/०८३ को लागि वडाहरुलाई मार्गदर्शन :

(१) कार्यक्रम/आयोजना/क्रियाकलापमा कार्यक्रम/आयोजना/क्रियाकलापको नाम उल्लेख गर्ने।

(२) खर्च शीर्षकमा संभव भएसम्म खर्च शीर्षक राख्ने र मिल्दो खर्च संकेत नं. समेत राख्ने।

(३) स्रोत' मा खर्च व्यहोर्ने स्रोत उल्लेख गर्ने । (संघीय समानीकरण, संघीय राजस्व र आन्तरिक आम्दानीमध्ये एक)

(४) लक्ष्य' मा परिमाण खुलाउने।

(५) इकाइ' मा परिमाणलाई खुलाउने इकाइ राख्ने।

(६) वडातर्फको कुल बजेटको २०% आन्तरिक आम्दानीबाट, ३०% संघीय राजस्व बाँडफाँटबाट र ५०% संघीय (७) समानीकरण अनुदानबाट व्यहोरिने गरी कार्यक्रम/आयोजना/क्रियाकलाप छनौट गर्नु पर्नेछ।

(८) जम्मा रकम' मा सम्बन्धित शीर्षकको जम्मा विनियोजित रकम उल्लेख गर्ने।

(९) कार्यक्रम/आयोजना/क्रियाकलाप कुन त्रैमासिकमा कार्यान्वयन गर्ने हो, सो को कोलनमा ठीक लगाउने।

(१०) वडातर्फका कार्यक्रम/आयोजना/क्रियाकलापहरुको कुल बजेटको २०% पहिलो त्रैमासिक, ३०% दोस्रो त्रैमासिक, ३०% तेस्रो त्रैमासिक र २०% चौथो त्रैमासिकमा कार्यान्वयन गर्ने गरी उल्लेख गर्नु पर्नेछ।

(११) पानी, बिजुली, बैठक भत्ताजस्ता नियमित प्रशासनिक खर्चको हकमा सरदर हिसाबले चारवटा त्रैमासिकमा बाँडेर राख्न सकिनेछ।

(१२) पूँजीगत प्रकृतिका (जस्तै : आयोजनाहरु, सवारी साधन खरिद, फर्निचर खरिद, मेशिन औजार खरिद आदि) खर्चहरु समानीकरण अनुदानबाट व्यहोर्ने गरी राख्नु पर्नेछ।

(१३) चालू प्रकृतिका नियमित प्रशासनिक खर्चहरु (जस्तै : पानी, बिजुली, बैठक भत्ता, तालिम, गोष्ठी, मसलन्द, चिया, खाजा आदि) संघीय राजस्व र आन्तरिक आम्दानीबाट व्यहोर्ने गरी राख्नु पर्नेछ।

(१४) संघीय राजस्व र आन्तरिक आम्दानीबाट चालू प्रकृतिका खर्चहरु छुट्याएर बाँकी रहेको रकमलाई पूँजीगत खर्चमा विनियोजन गर्न सकिनेछ।

(१५) तर समानीकरण अनुदानबाट चालू प्रकृतिका खर्चहरु गर्न सकिने छैन।

(१६) वडा कार्यालयले छुट्टै घर भाडा लिएको भए सो को समेत बजेट विनियोजन गर्ने।

(१७) वडा कार्यालयका लागि आवश्यक सम्पूर्ण प्रशासनिक खर्चको लागि वडा कार्यालयले बजेट विनियोजन गर्ने।

(१८) वडागत असमानता आउने किसिमका प्रतिस्पर्धात्मक कार्यक्रम नराख्ने।

(२०) **देहायका शीर्षकमा अनिवार्य रुपमा बजेट विनियोजन गर्ने** : - (१) इन्धन खरिद, (२) युवा तथा खेलकूद (राष्ट्रपति रनिङ शिल्ड समेत), (३) कृषि (दूध, मह, कुचो, कफी, गुन्द्रुक, बेसार), (४) तालिम, गोष्ठी जस्ता क्षमता विकास, (५) बाल क्लब, (६) अपाङ्गता ,(७) प्रधानमन्त्री रोजगार, (८) अभिभावक शिक्षा, (९) मानिसबाट मर्मत संभार, (१०) विद्यालय र स्वास्थ्य चौकी कार्यालय व्यवस्थापन, (११) विभिन्न सामुदायिक विद्यालयहरु घेराबारा र जस्तापाताको कार्य गर्न लाग्ने श्रम, गिट्टी, बालुवाको खर्च, (१२) ह्युम पाइ खरिद, (१३) सवारी साधन मर्मत, (१४) कम्प्युटर, प्रिन्टर लगायतका मेसिनरी औजार मर्मत

(घ) वडागत आयोजना तथा कार्यक्रम प्रस्ताव गर्ने ढाँचा :

| क्र. सं. | प्रस्तावित आयोजना तथा कार्यक्रमको नाम | विषय/क्षेत्र | रकम रु. | रकम व्यहोर्ने स्रोत | आयोजना तथा कार्यक्रम कार्यान्वयन गरिने चौमासिक | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो चौमासिक | दोस्रो चौमासिक | अन्तिम चौमासिक | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

(ङ) उल्लिखित बजेट सीमा तथा मार्गदर्शनको अधीनमा रहेर आवश्यक प्रकृया अपनाई वडाहरुले मिति : २०८२/०३/०२ गतेभित्र रोङ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयसमक्ष प्रस्तावित वडागत बजेटको मस्यौदा अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

प्रस्ताव ६ : रोङ गाउँपालिका, गाउँसभाको १९ औं अधिवेशन आह्वान गर्ने सम्बन्धमा ।

निर्णय ६ : मिति : २०८२/००/०० गते रोङ गाउँपालिका, गाउँ कार्यपालिकाको सभाकक्षमा बस्ने गरी रोङ गाउँपालिका, गाउँसभाको १९ औं अधिवेशन आयोजना गर्ने ।

प्रस्ताव ७ : समाजवादी कम्युनिष्ट पाटी, नेपाललाई आर्थिक सहयोग गर्ने सम्बन्धमा ।

निर्णय ७ : समाजवादी कम्युनिष्ट पाटी, नेपालको राष्ट्रिय भेलाको तयारी गर्नका लागि रु. २,५००।- आर्थिक सहयोग गर्ने । (स्रोत : आर्थिक सहायता)

प्रस्ताव ८ : अधिक वर्षाको कारण नहरमा डुबेर ज्यान गुमाउने मृतकको परिवारलाई आर्थिक सहयोग गर्ने सम्बन्धमा ।

निर्णय ८ : मिति २०८२/०२/१७ गते अधिक वर्षाको कारण रोङ गाउँपालिका, वडा नं. -६, पाटापुरस्थित सिद्धि नहरमा डुबेर ज्यान गुमाउने भगिरथ तामाङको परिवारलाई रु. २५,०००।- आर्थिक सहयोग गर्ने । (स्रोत : आर्थिक सहयोग)

प्रस्ताव ९ : 'लागत साझेदारी' बाट कार्य गर्ने सम्बन्धमा ।

निर्णय ९ : 'लागत साझेदारी' बाट देहायका कार्य गर्ने :

| क्र. सं. | योजनाको नाम | स्वीकृत बजेट | लागत साझेदारी | जम्मा बजेट | कैफियत |
|---|---|---|---|---|---|
| १ | सुपारी बिरुवा वितरण | | १,००,०००।- | १,००,०००।- | |
| २ | विष्णु पाञ्चायन मन्दिर नेहित किचन निर्माण | २०,०००।- | ३,२६,५२५।- | ३,४६,५२५।- | |
| ३ | सिरिसे दूध संस्था भवन निर्माण | २०,०००।- | १,९०,०००।- | २,१०,०००।- | |
| ४ | बरफल्याङ सामुदायिक वन उ. स. | | ३,००,०००।- | ३,००,०००।- | |
| ५ | प्रहरी चौकी साझेदारी | ५०,०००।- | १,५०,०००।- | २,००,०००।- | |
| ६ | ३ नं. वडा सडक मर्मत | | ४,३०,०००।- | ४,३०,०००।- | |
| ७ | खोप केन्द्र जिरी | | ८०,०००।- | ८०,०००।- | |
| ८ | उमा महेश्वर मा वि घेराबारा | ५०,०००।- | १,००,०००।- | १,५०,०००।- | |
| ९ | किरात सांस्कृतिक पार्क खानेपानी तथा शौचालय निर्माण | २,००,०००।- | ६९,०००।- | २,६९,०००।- | |
| १० | चुलीढुङ्गा कृषि बजार भवन | | ३,७८,४२०।- | ३,७८,४२०।- | |

| | | | | | |
|---|---|---|---|---|---|
| | निर्माण, काठे रोटे पिङ समेत | | | | |
| ११ | उमा महेश्वर खेल मैदान | | ५,४५,०००।- | ५,४५,०००।- | |
| | | | | | |

प्रस्ताव नं. १०

सातकटेरी वरभञ्ज्याङ सडक खण्डको नाली मर्मत गर्ने सम्बन्धमा।

निर्णय नं. १०

स्वीकृत लागत अनुमानको आधारमा सातकटेरी वरभञ्ज्याङ सडक खण्डको नाली मर्मत गर्ने। (श्रोत : लागत साझेदारी)

प्रस्ताव नं. ११

याङ्गे-बुलु-खमारे हुँदै सिम्ले जाने सडकको याङ्ग्रे सवाली खोला खण्डको भू-क्षय रोकथाम गर्ने।

निर्णय नं. ११

स्वीकृत लागत अनुमानको आधारमा याङ्गे-बुलु-खमारे हुँदै सिम्ले जाने सडकको याङ्ग्रे सवाली खोला खण्डको भू-क्षय रोकथाम गर्ने। (श्रोत : विपद् व्यवस्थापन कोष)

प्रस्ताव नं. १२

कुटी चिण्डेपानी सडकको २ नं गोलाई खण्डमा भू-क्षय रोकथाम गर्ने सम्बन्धमा।

निर्णय नं. १२

स्वीकृत लागत अनुमानको आधारमा कुटी चिण्डेपानी सडकको २ नं गोलाई खण्डमा भू-क्षय रोकथाम गर्ने। (श्रोत : विपद् व्यवस्थापन कोष)

प्रस्ताव नं. १३

सरस्वती आ. वि. रोड - २ मर्मत सम्भार गर्ने सम्बन्धमा।

निर्णय नं. १३

स्वीकृत लागत अनुमानको आधारमा सरस्वती आ. वि. रोड - २ मर्मत सम्भार गर्ने। (श्रोत : मर्मत सम्भार)

प्रस्ताव नं. १४

वडास्तरीय बाल सञ्जाल समिति गठन कार्यक्रमको खर्च भुक्तानी दिने सम्बन्धमा।

निर्णय नं. १४

रोङ गाउँपालिका, महिला तथा बालबालिका शाखाको आयोजना तथा कारितास नेपाल संस्थाको सहकार्यमा वडास्तरीय बाल सञ्जाल समिति गठन गर्दा हुने खर्च कार्यालयबाट व्यहोर्ने। (शीर्षक : विविध)

प्रस्ताव नं. १५

वडा नं. ३ तर्फको 'कोल्बुङ रमिते जाने बाटो स्तरोन्नति' का लागि बजेट थप गर्ने सम्बन्धमा।

निर्णय नं. १५

वडा नं. ३ तर्फको 'कोल्बुङ रमिते जाने बाटो स्तरोन्नति' का लागि रु. ५०,०००।- बजेट थप गर्ने (शीर्षक : लागत साझेदारी)

प्रस्ताव नं. १६

रोङ गाउँपालिकाको 'पूर्वाधार विकास समिति' को सदस्य-सचिव तोक्ने सम्बन्धमा।

निर्णय नं. १६

रोङ गाउँपालिकाको 'पूर्वाधार विकास समिति' को सदस्य-सचिवका इन्जिनियर श्री दिपक अधिकारीलाई तोकिएको।

प्रस्ताव नं. १७

भेरिएसन आदेश स्वीकृत गर्ने सम्बन्धमा।

निर्णय नं. १७

साना सिंचाइ कार्यक्रम, फिक्कल क्लस्टरको पत्र तथा यस कार्यालयको पूर्वाधार शाखाको राय समेतका आधारमा चालू आर्थिक वर्ष २०८१/०८२ मा 'साना सिंचाइ कार्यक्रम' अन्तर्गत 'श्री झटारे सिंचाइ कार्यक्रम' को भेरिएसन आदेश १ स्वीकृत गर्ने।

---

*स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ को उपदफा (२) को देहाय (ज) बमोजिम प्रमुख प्रशासकीय अधिकृतको हैसियतले गाउँ कार्यपलिकाको बैठकको निर्णय प्रमाणित गर्दछु।*

*सही :*

*नाम : विनोद कुमार चौहान*

*पद : प्रमुख प्रशासकीय अधिकृत*

2082-02-29